ट्रेकिङ्ग एजेन्सीज् एसोशिएसन अफ नेपाल (टान)

र

अखिल नेपाल पर्यटन मजदुर संघ, नेपाल ट्रेकिङ्ग–ट्राभल–र्‍याफ्टिङ्ग – एयरलाइन्स मजदुर यूनियन (यूनिट्राभ)

नेपाल पर्यटन श्रमिक संघ बीच भएको

# सम्झौता–पत्र

अखिल नेपाल पर्यटन मजदुर संघ, नेपाल ट्रेकिङ्ग–ट्राभल–र्‍याफ्टिङ्ग एयरलाइन्स मजदुर यूनियन (युनिट्राभ) र नेपाल पर्यटन श्रमिक संघले विभिन्न मितिमा पेश गरेको विभिन्न मागहरुका सम्बन्धमा टान र मजदुर युनियन प्रतिनिधिहरु बीच विभिन्न समयमा भएको छलफल र निर्णय पश्चात मिति २०६९ असोज १९ गते शुक्रबारका दिन यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति बुझी लियौं/दियौं । यस सम्झौतामा सहमती भएका बुँदाहरु कार्यान्वयनका लागि टानबाट सम्पूर्ण ट्रेकिङ्ग कम्पनीहरु लगायत सम्बन्धित निकायहरुलाई आवश्यक कार्यार्थ परिपत्र गर्ने सहमती गरियो ।

सहमतीका बुँदाहरुः

१) ट्रेकिंङ्ग क्षेत्रमा काम गर्ने सबै पदयात्रा सहयोगिहरुको ज्याला यही सन २०१२ अक्टोबर १ देखी रु. २०० ले वृद्धि गरिने भनिएको सन्दर्भमा पदयात्राको बुकिङ्ग तथा मौसम सुरुभईसकेकोले सन् २०१३ को जनवरी १ देखी उक्त वृद्धि भएको रकम लागू गरिने सहमती गरियो ।

२) पदयात्रा मजदूर कल्याणकारी कोषमा एक हप्ता भित्र रु. ५० लाख जम्मा गरी शुरुवात गरिनेछ साथै उक्त रकममा  रु. ५० लाख थप गर्नका निम्ती टिम्सको संयुक्तकोषमा सिफारीस गर्ने सहमती गरियो ।

३) टिम्सबाट टानमा संकलित रकम मध्ये मजदुर कल्याणकारी कोषमा ४० प्रतिशत राख्ने माग भईआएको सन्दर्भमा टानको का.स.को पूर्ण बैठकमा प्रस्ताव गरी उपयुक्त प्रतिशत के कति गर्ने भन्ने सम्बन्धमा अक्टोबर महिना भित्र निर्णय गरिने सहमती भयो ।

४) ट्रेकिङ्ग मजदूरको परिचय खुलाई पंजिकृतको व्यवस्था गरिने सहमती गरियो ।

४) कल्याणकारी कोषवाट दिने रकम कार्यविधि अनुसार प्रदान गरिने सहमती गरियो ।

५) सामाजिक सुरक्षा अन्तर्गत नेपाल सरकार र तिनवाट ट्रेड यूनियन विच भएको सम्झौताका सम्बन्धमा सम्पुर्ण ट्रेकिङ्ग कम्पनिहरुबाट मजदूरको नामावली माग गर्ने सहमती गरियो ।

६) टिम्स कार्यदलमा मजदूर संगठनलाई पनि राख्ने सन्दर्भमा टान का.स.मा पेश गर्ने सहमती गरियो ।

७) टिम्सको संयुक्तकोषमा रहेको रकमवाट पर्वतिय क्षेत्रको विकास, पुर्वाधार साथै ट्रेकिङ्ग मजदूर तथा पर्यटकको स्वास्थ्यलाई ध्यान दिई पूर्वाधार तथा स्वास्थ्य चौकिको निमार्ण गर्न प्रस्ताव गर्ने सहमती गरियो ।

८) नविकरण गर्न छुटेका ट्रेकिङ्ग गाईडहरुको एक महिनाको समय राखि नविकरण गर्ने व्यवस्थाका लागि टानले पर्यटन मन्त्रालय समक्ष सिफारीस गर्ने सहमती गरियो ।

९) सबै ट्रेकिङ्ग रुट पर्ने जिल्लाहरुमा नेपाल सरकारको पर्यटन जिल्ला कार्यालय राख्ने व्यवस्थाका लागि सरकार समक्ष संयुक्त रुपमा सिफारीस गर्ने सहमती गरियो ।

१०) ट्रेकिङ्ग मजदूर तथा पर्यटकहरुको आवश्यक सुरक्षाको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने सहमती गरियो ।

११) प्रत्येक ट्रेकिङ्ग मजदुरको दुर्घटना विमा ८,००,०००। (आठ लाख) एवं मेडिकल विमा ४ लाख कायम गरी लागू गर्नका लागि राष्ट्रिय विमा समिति समक्ष सिफारीस गर्ने सहमती गरियो ।

१२) श्रम ऐनको पूर्ण कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गर्ने सहमती जनाइयो ।

१३) NATHM ले वार्षिकरुपमा गर्दै आइरहेको ट्रेकिङ्ग गाईड तालिममा मजदुर यूनियनहरुलाई निशुल्क रुपमा १०/१० सिट उपलब्ध गराउन NATHM समक्ष सिफारीस गर्ने सहमती गरियो ।

**ट्रकिङ्ग एजेन्सिज् एसोशिएसन अफ नेपाल (टान)**

महेन्द्र सिंह थापा, अध्यक्ष ..........

मोहन लम्साल, महासचिव ..........

**ट्रेकिङ्ग–ट्राभल–र्‍याफ्टिङ्ग– एयरलाइन्स मजदुर यूनियन**

सुमन पराजुली, महासचिव ..........

**अखिल नेपाल पर्यटन मजदुर संघ**

मुक्तिनाथ दास, अध्यक्ष ..........

रामचन्द्र ढुंगाना, महासचिव ..........

**नेपाल पर्यटन श्रमिक संघ**

भागवतश्री न्यौपाने, सचिव ..........

निरज मिश्र, केन्द्रिय सदस्य ..........

इति सम्बत २०६९ असोज १९ गते रोज शुभम् ।

बोधार्थः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन उद्योग महाशाखा ।

श्रम तथा यातायात मन्त्रालय, श्रम विभाग ।

नेपाल उद्योग वाणिज्य महासंघ, टेकु, काठमाडौं ।

नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाडौं ।

नेपाल सरकार कानून मन्त्रालय ।

नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट), पुतलिसडक, काठमाडौं ।

नेपाल ट्रेड यूनियन कांग्रेस, शान्ति नगर, काठमाडौं ।

अखिल नेपाल ट्रेड यूनियन महासंघ, पेरिस डाँडा, काडमाडौं ।